(संवत् २०८० साल वैशाख मसान्तसम्म भएका संशोधन मिलाइएको)

# चिठ्ठा नियमावली, २०२७

नेपाल राजपत्रमा प्रकाशित मिति
२०२७।१०।५

**संशोधन**

चिठ्ठा (पहिलो संशोधन) नियमावली, २०७०    २०७०।१।३०

चिठ्ठा ऐन, २०२५ को दफा ८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "चिठ्ठा नियमावली, २०२७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा "ऐन" भन्नाले चिठ्ठा ऐन, २०२५ सम्झनु पर्छ ।

३. **चिठ्ठा खोल्ने स्वीकृतिको निमित्त निवेदन दिनेः** (१) ऐनको दफा ३ को उपदफा (१) बमोजिम चिठ्ठा खोल्न चाहने व्यक्ति वा संस्थाले नेपाल सरकारको स्वीकृतिको निमित्त निवेदन दिँदा चिठ्ठाको २ प्रति नमूना सामेल गरी स्थानीय प्रमुख जिल्ला अधिकारी मार्फत गृह मन्त्रालयमा अनुसूचीमा तोकिएको ढाँचाको निवेदन दिनु पर्छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि प्रमुख जिल्ला अधिकारीले निवेदनको सम्बन्धमा आवश्यक जाँचबुझ गरी आफ्नो मन्तव्य सहित उक्त निवेदन गृह मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रमुख जिल्ला अधिकारीको मन्तव्य सहितको निवेदन प्राप्त भएपछि गृह मन्त्रालयले निवेदकलाई चिट्ठा खोल्ने अनुमति दिन सक्नेछ ।

(४) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक प्रदर्शनीस्थल, क्लव वा सोसाइटी जस्तो ठाउँमा मात्र खोलिने चिट्ठाको हकमा प्रमुख जिल्ला अधिकारीले निवेदकलाई चिट्ठा खोल्ने अनुमित दिन सक्नेछ ।

४. **पुरस्कारमा हेरफेर गर्नु परेमा सूचना गर्नेः** ऐनको दफा ४ बमोजिम चिट्ठाको पुरस्कारमा हेरफेर गर्नु परेमा चिट्ठाको बिक्री बन्द भएको ७ दिनभित्र बन्द भएको मिति सम्ममा बिक्री भएको र बिक्री हुन बाँकी चिट्ठाको लगत तथा चिट्ठा बिक्री भएको दामासाहीले पाउने पुरस्कारको परिमाण समेत खोली चिट्ठा खोल्नु अगावै चिट्ठा खोल्न चाहने व्यक्ति वा संस्थाले त्यसको सूचना स्थानीय प्रमुख जिल्ला अधिकारी समक्ष दिनु पर्नेछ ।

५. **चिट्ठाको विवरण पठाउनेः** चिट्ठा खोलिए पछि त्यसको भोलिपल्टै चिट्ठा खोल्ने व्यक्ति वा संस्थाले बिक्री भएको र बिक्री हुन नसकेको चिट्ठाको लगत, वितरण भएको पुरस्कार पाउने

व्यक्तिहरुको नाम, पुरस्कार पाउने चिठ्ठाहरुको क्रम सङ्ख्या, पुरस्कारमा हेरफेर गरिएको भए त्यसको व्यहोरा आदि सबै खोली सम्पूर्ण विवरण स्थानीय प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ ।

६. **अधिकृत खटाउनेः** चिठ्ठा खोल्ने व्यवस्था मिलाउन प्रमुख जिल्ला अधिकारीले चिठ्ठा खोल्ने समयमा एकजना अधिकृत र निजलाई मद्दत गर्न आवश्यक कर्मचारीहरु खटाउनेछ ।

७. **प्रमुख जिल्ला अधिकारीको स्वीकृति लिनु पर्नेः** चिठ्ठाको प्रतिमा तोकिएको मिति वा स्थानमा कुनै परिवर्तन गर्नु परेमा स्थानीय प्रमुख जिल्ला अधिकारीको स्वीकृति लिई त्यस्तो परिवर्तन गर्न सकिनेछ ।

८. **चिठ्ठाको नतीजा प्रकाशित गर्नेः** चिठ्ठा खोलिएपछि पुरस्कार पाउने व्यक्तिहरुको चिठ्ठाको नम्बर र नाम भए नाम समेत यथाशीध्र पत्रपत्रिकामा प्रकाशित गर्नु पर्छ ।

९. **लेखापरीक्षणः** नियम ३ को उपनियम (४) बमोजिम स्वीकृति प्राप्त गरेको चिठ्ठा बाहेक अरु सबै चिठ्ठाहरुको आय-व्ययको लेखापरीक्षण स्थानीय जिल्ला प्रशासन कार्यालयमा गराउनु पर्नेछ।

---

द्रष्टब्यः— १. केही नेपाल कानून संशोधन ऐन, २०६३ द्वारा रूपान्तर भएका शब्दहरूः—

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

नेपाल सरकार

गृह मन्त्रालय

मार्फत .................................. जिल्ला प्रशासन कार्यालय ।

महोदय,

म । हामी ............ले देहाय बमोजिमको चिठ्ठा खोल्न चाहेकोले स्वीकृतिको निमित्त निवेदन गरेको छु । छौं:-

१. चिठ्ठा खोल्ने उद्देश्य..............

२. चिठ्ठाको पूँजी.................

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

२. पहिलो संशोधबाट रुपान्तर भएका शब्दरुः
"अञ्चलाधीस", "गृह पञ्चायत मन्त्रालय" र "अञ्चलाधीश कार्यालय" भन्ने शब्दहरुको सट्टा क्रमश "प्रमखु जिल्ला अधिकारी", "गृह मन्त्रालय" र "जिल्ला प्रशासन कार्यालय" ।

३. चिठ्ठा बिक्रीबाट प्राप्त हुने कूल रकम …………मध्ये…………प्रतिशतले बाँडिने पुरस्कारको विवरण…………………

४. पुरस्कार बाँडी बाँकी रहने रकम मध्ये

(क) चिठ्ठा सम्बन्धी खर्च…………..

(ख) सहायता वा मुनाफा……………..

निवेदकको नाम, थर………………

ठेगाना……………………………

मिति…………………………….

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय